# माध्यमिक शिक्षा परीक्षा

## (Secondary Education Examinations - SEE)

## अनिवार्य स्वास्थ्य, जनसङ्ख्या र वातावरण

**समय : २:१५** **पूर्णाङ्क : ७५**

**समूह क** **11x1 = 11**

१. उद्यमशीलता भनेको के हो ? What is an entrepreneurship?

२. कुल प्रजनन् दर कसरी पत्ता लगाइन्छ ? How can total fertility rate be calculated?

३. किन पृथ्वीलाई एक्लो जिवित गृह भनिन्छ ? कुनै एक कारण उल्लेख गर्नुहोस् ।
Why is the earth called lonely living planet? Mention any one cause.

४. GLOF को पूर्ण रुप लेख्नुहोस् । Write the full form of GLOF.

५. उच्च मानव विकास सूचकको मान कति हो ?
What is the value of high human development index?

६. पर-स्थानीय संरक्षणका कुनै एक ओटा उदाहरणहरू दिनुहोस् ।
Give any one example of ex-situ conservation.

७. पेटको क्यान्सर निम्त्याउने जिवाणुको नाम के हो ?
What is the name of germ that causes stomach cancer?

८. सुनौला हजार दिनहरू कार्यक्रम स्वस्थ शिशुहरूका लागि एउटा प्रभावकारी कार्यक्रम हुनुको एक कारण उल्लेख गर्नुहोस् ।
Mention any one cause to Golden 1000 Days program is an effective program for health infants. Why?

९. मद्यपानका कुनै एक कारण उल्लेख गर्नुहोस् । Mention any one cause of alcoholism.

१०. सर्किनु भनेको के हो ? What is choking?

११. सर्प डसाइको बेला रगत चुस्नु हानिकारक हुन्छ । कुनै एक कारण दिनुहोस् ।
Sucking blood during snake bite is harmful. Give a reason.

**समूह ख** **9x4 = 36**

१२. स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षाको आर्थिक पक्षबारे उल्लेख गर्नुहोस् ।
Mention on economic aspect of HPE Education. 4

१३. बि.सं. २०५५ सालमा कुनै एक शहरको कुल जनसंख्या २,६०,००० थियो । उक्त वर्ष ३८०० जना मानिस बाहिरबाट त्यस सहरमा बसोबास गर्न आए र ३००० जना त्यस शहरबाट अन्यन्त्र बसाईसराई गरेर गए भने त्यस शहरको आप्रबासन दर र कुल बसाईसराई दर निकाल्नुहोस् ।)
The total population of a certain city in 2055 BS was 2,60,000. In that year, 3800 people came to the city for settlement and 3000 people migrated out from the city. Calculate the in-migration rate and gross migration rate of the city.
2+2

DRAFT

अथवा

जनसंख्या व्यवस्थापनको परिचय सहित यसका उपायहरू उल्लेख गर्नुहोस् ।

Mention the measures of population management with its meaning. 1+3

१४. दिगो बिकास भनेको के हो ? दिगो बिकासका कुनै दुई सिद्धान्तहरूबारे छोटकरीमा व्याख्या गर्नुहोस् ।

What is sustainable development? Explain any two principles of it in brief. 1+1.5+1.5

१५. वातावरण संरक्षणका प्रमुख कार्यहरू उल्लेख गर्दै कुनै एकको छोटो वर्णन गर्नुहोस् ।

List out the major functions of the environmental conservation and explain any one of them. 4

१६. मानव विकास सूचकांक र भौतिक गुणस्तरीय जीवन सूचकांकबीचका चार भिन्नताहरू देखाउनुहोस् ।

Show the difference between HDI and PQLI. 4

१७. स्थानीय समुदायमा जैविक विविधता संरक्षणका कुनै चार ओटा कृयाकलापहरू उल्लेख गर्नुहोस् ।

Mention any four activities to conserve biodiversity of the local community. 4

अथवा

संकटापन्न जीवजन्तुहरूको संरक्षणमा स्थानीयबासीको भूमिकाहरू उल्लेख गर्नुहोस् ।

Mention the roles of locals to conserve the endangered animals. 4

१८. सर्ने रोग नसर्ने रोगभन्दा किन फरक छ ?

Why is communicable disease different from non-communicable disease? 2+2

१९. गर्भवती महिलाको हेरचाह कसरी गर्नुपर्दछ ? कुनै चार ओटा उपायहरू उल्लेख गर्नुहोस् ।

How should we take care of a pregnant woman? Mention any four measures. 4

२०. मद्यपानलाई किन सांस्कृतिक समस्याको रुपमा लिईन्छ ? प्रमाणित गर्नुहोस् ।

Why is alcoholism considered as a cultural problem? Prove it.

अथवा

लागु पदार्थ दुर्व्यशनी किन विशेषगरी युवा पुस्तामा बढी देखिन्छ ?

Why is generally young generation indulged in drug abuse?

**समूह ग** **4x7 = 28**

२१. तीब्र जनसंख्या वृद्धि तपाईको समुदायमा एउटा ठूलो समस्या हो । वातावरणीय र सामाजिक सांस्कृतिक पक्षहरूमा यसका प्रभावहरू उल्लेख गर्नुहोस् ।

The rapid population growth is a problem in your community? Mention its impacts on environmental and socio-cultural aspects. 7

२२. नेपालका तीनै ओटा प्रदेशहरूमा समान जनसंख्या वितरणका लागि हामीले के गर्नुपर्ला ? उल्लेख गर्नुहोस् ।

What should we do for equal distribution of population in three regions of Nepal? Mention. 7

२३. परजीवी रोगहरूका कुनै सात ओटा रोकथामका उपायहरू उल्लेख गर्नुहोस् ।

Mention any seven preventive measures of worm diseases. 7

२४. नवजात शिशु कसरी हेरचाह गर्नुपर्ला ? कुनै सात ओटा प्रभावकारी सुझावहरू उल्लेख गर्नुहोस् ।

How should the newly born baby be cared? Mention any seven effective suggestions. 7

# उत्तरकुञ्जिका

## समूह क

१. आफ्नै स्रोत-साधन तथा लगानीमा व्यापार-व्यवसाय चलाउने प्रक्रिया भनी लेखेमा अंक १ दिने

२. कुल प्रजनन् दर = उमेर विशिष्ट प्रजनन् दरहरूको योग x उमेर अन्तर (५) / १००० भनी लेखेमा अंक १ दिने

३. पानीको उपलब्धता, हावा, खाना, ताप तथा प्रकाश आदिमध्ये कुनै एक भनी लेखेमा अंक १ दिने ।

४. Glacier Lake Outburst Flood भनी लेखेमा अंक १ दिने ।

५. ०.७९९ देखि १.० भनी लेखेमा अंक १ दिने ।

६. चिडियाखाना, नर्सरी, बनस्पति उद्यान, आदिमध्ये कुनै एक भनी लेखेमा अंक १ दिने ।

७. Helicobactor pylori भनी लेखेमा अंक १ दिने ।

८. गर्भवती भएको समयदेखि बच्चा २ वर्ष नपुगुञ्जेल आमा तथा बच्चाको बिशेष हेरचाह गरिन्छ भनी लेखेमा अंक १ दिने ।

९. साथी संगत, गरिवी, अशिक्षा, देखासिकी आदिमध्ये कुनै एक ओटा कारण लेखेमा अंक १ दिने ।

१०. खाना नलीमा खाद्यबस्तु वा अन्य कुनै बस्तु अड्केर स्वासप्रश्वासमा अवरोध पुग्नु भनी लेखेमा अंक १ दिने ।

११. सर्पको विषको प्रभाव जिब्रो वा मुखका अन्य भाग मार्फत शरीरभरि पर्न सक्ने भएकाले भनी लेखेमा अंक १ दिने ।

## समूह ख

१२. स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षाका दुई ओटा जैविक र दुई ओटा आर्थिक पक्षहरू उल्लेख गरेमा अंक ४ दिने ।

१३. दिईएको

कुल जनसंख्या (P) = २,६०,०००

बसाई सरी आएका जनसंख्या (I) = ३८००

बसाई सरी गएका जनसंख्या (O) = ३०००

आप्रवासन दर (IMR) = ?

कुल बसाईसराईदर (GMR) = ?

अव,

सुत्रानुसार,

$$IMR = \frac{I \times 1000}{P}$$

$$\frac{3800 \times 1000}{2,60,000}$$

14.61 प्रतिहजार

फेरि,

DRAFT

$$GMR = \frac{(I+O)\times 1000}{p}$$

$$= \frac{(3800+3000)\times 1000}{2,60,000}$$

26.15 प्रतिहजार

अथवा

जनसंख्या व्यवस्थापनको परिचय दिएमा अंक १ दिने

जनसंख्या व्यवस्थापनका कुनै तीन ओटा उपायहरू लेखी व्याख्या पनि गरेमा अंक ३ दिने

१४. दिगो विकासको परिभाषा लेखेमा अंक १ दिने

दिगो विकासका निम्नमध्ये कुनै तीन ओटा सिद्धान्तहरूको छोटो व्याख्या गरेमा अंक ३ दिने

क. जैविक विविधताको संरक्षण

ख. जनसंख्या वृद्धि नियन्त्रण

ग. पारिस्थितिक प्रणाली संरक्षण

घ. सांस्कृतिक धरोहरहरूको संरक्षण आदि ।

१५. वातावरण संरक्षणका निम्न प्रमुख कार्यहरू उल्लेख गरेमा अंक २ दिने

उक्त कार्यहरूमध्ये कुनै एकको व्याख्या गरेमा अंक २ दिने

क. बनजंगलको संरक्षण

ख. फोहोरमैला व्यवस्थापन

ग. भू-संरक्षण

घ. प्रदुषण नियन्त्रण आदि ।

१६. मानव विकास सूचकांक र भौतिक गुणस्तरीय जीवन सूचकांकबीचका चार भिन्नताहरू उल्लेख गरेमा अंक ४ दिने

जस्तैः परिचय, आधारहरू, सुत्राधार मिति, आदिका आधारमा भिन्नता देखाएमा

१७. स्थानीय समुदायमा जैविक विविधता संरक्षणका कुनै चार ओटा कृयाकलापहरू उल्लेख गरेमा अंक ४ दिने । जस्तैः

क. बनजंगलको संरक्षण

ख. फोहोरमैला व्यवस्थापन

ग. भू-संरक्षण

घ. प्रदुषण नियन्त्रण

ङ. जनचेतना आदि ।

अथवा

संकटापन्न जीवजन्तु संरक्षणमा स्थानीयबासीहरूका कुनै चार भूमिकाहरू उल्लेख गरेमा अंक ४ दिने । जस्तैः

क. बनजंगलको संरक्षण

ख. फोहोरमैला व्यवस्थापन



DRAFT

ग. भू-संरक्षण
घ. प्रदुषण नियन्त्रण
ङ. जनचेतना
च. सुरक्षा व्यवस्था आदि ।

१८. सर्ने र नसर्ने रोगहरूबीचका कुनै ४ भिन्नताहरू उल्लेख गरेमा अंक ४ दिने ।

१९. गर्भवती महिलाको हेरचाह गर्ने कुनै चार ओटा उपायहरू उल्लेख गरेमा अंक ४ दिने ।
जस्तैः सरसफाई, नियमित स्वास्थ्य परीक्षण, खोप, सन्तुलित भोजन आदि ।

२०. मद्यपानलाई सांस्कृतिक समस्याको रुपमा लिईनुका कारणहरू कुनै चार ओटा तर्कहरू प्रस्तुत गरेमा अंक ४ दिने ।
जस्तैः भोज भतेर, पिकनिक तथा जमघट, चाड-पर्व, आतिथ्य सत्कार आदि ।

अथवा

लागु पदार्थ दुर्व्यशनी विशेषगरी युवा पुस्तामा बढी देखिनुका कुनै चार ओटा तर्कहरू प्रस्तुत गरेमा अंक ४ दिने ।
जस्तैः सजिलै फस्न सक्ने अवस्था, अत्यधिक परिवर्तनहरूको अवस्था, जोश र होस सन्तुलन नभएको अवस्था, रमाईलो धेरै गर्ने उमेर आदि ।

## समूह ग

२१. वातावरणीय र सामाजिक सांस्कृतिक पक्षहरूमा जनसंख्या वृद्धिले पारेका प्रभावहरू कुनै सात ओटा उल्लेख गरी बुंदागत रुपमा व्याख्या गरेमा अंक ७ दिने जस्तैः
क. प्रदुषण,
ख. सामाजिक अपराधहरूमा वृद्धि,
ग. बन फडानी वा अतिक्रमण,
घ. सांस्कृतिक धरोहरहरूको चोरी पैठारी,
ङ. जंगली जनावरहरू तथा वनस्पतिहरूको चोरी-शिकारीमा बृद्धि,
च. सामाजिक रीतिरिवाजमा विचलन आदि ।

२२. नेपालका तीनै ओटा भेगहरू समान जनसंख्या वितरणका लागि हामीले निम्न कुराहरू गर्नुपर्ला भनी लेखेमा अंक ७ दिने जस्तैः
क. सबै भेगहरूको समानुपातिक बिकासमा जोड,
ख. बसाईसराईमा नियन्त्रण,
ग. परिवार नियोजन तथा अन्य जनचेतनाको समुचित व्यवस्था,
घ. जन्मदर तथा मृत्युदरमा आवश्यक व्यवस्थापन आदि मिल्ने तर्कहरू ।

२३. परजीवी रोगहरूका कुनै सात ओटा रोकथामका उपायहरू निम्न कुराहरू लेखेमा अंक ७ दिने । जस्तैः
क. वातावरणीय सरसफाईमा बिशेष ध्यान,
ख. जुत्ता-चप्पलको उचित प्रयोग,
ग. हात धुने, नुहाउने जस्ता व्यक्तिगत सरसफाईमा जोड,



DRAFT

घ. स्वस्थकर तथा ताजा खानपानमा जोड,
ङ. सफा तथा शुद्ध खानेपानीको व्यवस्था,
च. ढल-निकासको उचित व्यवस्थापन,
छ. ब्यापक जनचेतना अभिबृद्धि आदि ।

२४. नवजात शिशुको हेरचाह गर्न निम्न सुझावहरू उल्लेख गरेमा अंक ७ दिने । जस्तैः

क. सन्तुलित भोजन,
ख. नियमित स्वास्थ्य जांच,
ग. सरसफाईमा बिशेष ध्यान,
घ. समय अनुसार खोप,
ङ. घरपरिवार विशेषगरी श्रीमान्को ठूलो सहयोग
च. मौसम अनुसारको लत्ता-कपडा आदि ।

DRAFT